अन्तर्राष्ट्रिय

भेनेजुएलामाथि कूटनीतिक र आर्थिक दबाब कडा बनाउँदै अमेरिका

वाशिङ्टन, २१ पुस (रासस/सिन्ह्वा) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलासँग सम्बन्धित नीतिगत निर्णयमा सबै विकल्प खुला राख्ने नीति अपनाउने अमेरिकी विदेशमन्त्री मार्को रूबियोले बताउनुभएको छ ।आइतबार सीबीएस टेलिभिजनसँगको अन्तर्वार्तामा रूबियोले राष्ट्रपति ट्रम्प सधैं परिस्थितिअनुसार निर्णय गर्न सकिने लचिलो नीति पक्षधर रहेको उल्लेख गर्दै भेनेजुएलाको अन्तरिम नेतृत्वले आगामी दिनमा लिने कदमहरुलाई अमेरिका ध्यानपूर्वक मूल्याङ्कन गर्ने बताउनुभयो ।शनिबार भएको अमेरिकी सैन्य कारबाहीपछि ट्रम्पले भेनेजुएलामा राजनीतिक सङ्क्रमण प्रक्रिया अमेरिकी अपेक्षाअनुसार अघि नबढेसम्म अमेरिका स्थिति व्यवस्थापनमा संलग्न रहने धारणा सार्वजनिक गर्नुभएका थिए। उक्त कारबाहीपछि भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो हाल न्यूयोर्कमा अमेरिकी हिरासतमा रहेका छन्।

सङ्क्रमण प्रक्रियाप्रति अमेरिकी दृष्टिकोण

रूबियोका अनुसार भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले लिने निर्णय र देखाउने सहकार्यका आधारमा अमेरिकाको आगामी नीति तय हुनेछ ।भेनेजुएलाको सर्वोच्च अदालतले राष्ट्रपति मादुरो अनुपस्थित भएपछि उपराष्ट्रपति रोड्रिगेजलाई कार्यवाहक राष्ट्रपतिको जिम्मेवारी सम्हाल्न निर्देशन दिएको छ ।"हामीले अब पहिलेभन्दा बढी सहकार्य र जिम्मेवारीको अपेक्षा गरेका छौं," रूबियोले भन्नुभयो । उहाँले आवश्यक परे कूटनीतिक तथा आर्थिक उपायहरु प्रयोग गरिने सङ्केत पनि दिए, जसमा हाल लागू गरिएको तेलसम्बन्धी प्रतिबन्ध प्रमुख रहेको बताउनुभयो ।अमेरिकी विदेशमन्त्रीले लागूऔषध तस्करी नियन्त्रण गर्नु र अवैध गिरोह गतिविधि रोक्नु अमेरिका का प्रमुख चासोका विषय भएको स्पष्ट पार्नुभयो । भेनेजुएलामा तत्काल निर्वाचनको सम्भावनाबारे सोधिएको प्रश्नमा रूबियोले लामो समयदेखि विद्यमान राजनीतिक संरचनालाई ध्यानमा राख्दा छिटो निर्वाचन अपेक्षा गर्नु यथार्थपरक नहुने बताउनुभयो ।यसैबीच, कार्यवाहक राष्ट्रपति रोड्रिगेजले अमेरिकी कारबाहीप्रति आपत्ति जनाउँदै राष्ट्रपति मादुरो र उनकी पत्नीलाई रिहा गर्न माग गर्नुभएको छ ।

सैन्य उपस्थिति र दबाबका उपाय

रूबियोले हाल भेनेजुएलामा अमेरिकी सेना तैनाथ नभएको स्पष्ट पार्दै भविष्यका विकल्पहरु सार्वजनिक रुपमा अस्वीकार नगरिएको बताउनुभयो ।

उहाँका अनुसार अमेरिका हाल तेलसम्बन्धी प्रतिबन्ध र कूटनीतिक दबाबमार्फत आफ्नो प्रभाव प्रयोग गरिरहेको छ ।

अमेरिकी कदमप्रति अन्तर्राष्ट्रिय समुदायले चिन्ता व्यक्त गरेको । धेरै देशहरुले एक सार्वभौम राष्ट्रमाथि गरिएको बल प्रयोगप्रति असहमति जनाउँदै शान्तिपूर्ण समाधानको आह्वान गरेका छन्।

म्यान्मामा सेनासँग निकट दलको बहुमत

याङ्गुन, २१ पुस (रासस/एएफपी) : म्यान्माको प्रमुख सैन्य समर्थक पार्टीले जुन्ता सरकारको नेतृत्वमा भएको पहिलो चरणको चुनावमा जित हासिल गरेको सोमबार सार्वजनिक अन्तिम परिणामले देखाएको छ । निर्वाचनमा 'युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी (यूएसडिपी)' ले तल्लो सदनको लगभग ९० प्रतिशत सिट जितेको घोषणा गरिएको छ ।सन् २०२१ मा निर्वाचित आङ सान सुकीको प्रजातान्त्रिक सरकारलाई सेनाले 'कू' मार्फत अपदस्थ गरेको थियो भने त्यसपछि पहिलो पटक एक महिनाको अवधिमा तीन चरणमा निर्वाचन गरिरहेको छ। दोस्रो चरणको निर्वाचन जनवरी ११ र तेस्रो जनवरी २५ मा हुँदैछ ।पश्चिमा कूटनीतिज्ञ र प्रजातन्त्रवादी पक्षधरहरुले म्यान्माकी नेतृ सुकीको 'नेशनल लिग फर डेमोक्रेसी (एनएलडी)' को विघटन, एनएलडी नेतृत्वको नागरिक सरकारलाई अपदस्थ र निर्वाचित सांसद्हलाई अपदस्थ गरी असन्तुष्टहरुमाथिको दमन र सैन्य सहयोगीहरुको साथ मतदान भएको भन्दै चुनावलाई सैन्य शासनलाई पुनः अनुमोदन गर्ने चालको रुपमा व्याख्या गर्दै सम्पूर्ण प्रक्रियाप्रति असहमति जनाका छन् भने परिणामलाई पनि अस्वीकार गरेका छन् ।सैनिक समर्थक यूएसडीपीले पहिलो चरणको तल्लो सदनका लागि निर्वाचन भएका १०२ स्थानमध्ये ८९ सिटमा जित हासिल गरेको छ ।यूएसडीपीको जित डिसेम्बर २८ मा भएको पहिलो चरणको मतदानमा समावेश गरिएको तल्लो सदनको ८७ प्रतिशतभन्दा बढी सिटको बराबर हो । बाँकी प्रायः जातीय अल्पसत्यकहरुको प्रतिनिधित्व गर्ने दलहरुले जितेका बताइएको छ। धेरै विश्लेषक र लोकतन्त्र पक्षधर अभियन्ताहरुले यूएसडीपीलाई पार्टीमा वरिष्ठ पदहरुमा सेवा गर्ने सेवानिवृत्त अधिकारीहरुको ठूलो संख्यालाई उद्धृत गर्दै सेनाको प्रोक्सीको रुपमा वर्णन गर्छन् ।जनवरी २५ मा हुने तेस्रो र अन्तिम चरणको मतदानपछि समग्र परिणाम आउने बताइएको छ ।

मतदानको बावजुद, तल्लो सदनको एक चौथाइ सिट र प्रमुख क्याबिनेट पदहरु देशको सैन्य मस्यौदा संविधानको सर्तहरु अन्तर्गत सशस्त्र बलका सदस्यहरुका लागि आरक्षित हुनेछन्।

सन् २०२० मा भएको पछिल्लो निर्वाचनमा सुकीको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) पार्टीले यूएसडीपीलाई पराजित गरेको थियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चरिकोट दोलखा,
बागमती प्रदेश, नेपाल ।

निर्माण कार्य सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०९/२२

यस नगरपालिकाको तपशिल वमोजिमको निर्माण कार्य गर्न इजाजत प्राप्त योग्य फर्म/कम्पनीले रितपुर्वकको दरभाउपत्र विद्युतीयखरिद प्रणाली (E-Bid) मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र सम्बन्धि कागजात र विस्तृत सूचना www.bolpatra.gov.np/egp को bid Document मा हेर्न र download गर्न सकिनेछ । दरभाउपत्र सम्बन्धि कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ। अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

सि. नं.	ठेक्का नं.	ठेक्का / योजनाको नाम	लागत अनुमान (मु.अ.कर. बाहेक) रु.	दरभाउपत्र फारम दस्तुर रु.	दरभाउपत्र जमानत रकम रु.	दरभाउपत्र फाराम दाखिला अवधि	दरभाउपत्र खोल्ने मिति र समय
१	BMP/SQB/ WORKS/ 2082-83/E/01	Aadharbhut Swasthya Kendra Bhawan Nirman	१४,०७,८४८/३७	१,०००/-	३७,०००/-	२०८२/१०/०७ गते १२ वजे भित्र	२०८२/१०/०७ गते १ वजे

कृषि खेती प्रवर्धन कार्यक्रम सञ्चालन गरिने

चरिकोट(दीस): गौरीशंकर गाउँपालिकाले बाँझो जग्गामा कृषि खेती प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ । चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाले सो कार्यक्रम सञ्चालन गर्ने भएको हो ।

गाउँपालिका भित्रका बाँझो तथा खेतियोग्य जग्गा भाडामा लिई कृषकहरूकालागि कार्यक्रम सञ्चालन गर्न लागिएको गौरीशंकर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रिजेया उपरकोटीले जानकारी दिनुभयो । बाँझो जग्गा भाडामा दिन ईच्छुकहरूकालागि प्रस्ताव आह्वान भईसकेको उहाँको भनाई रहेको छ ।

जिरी ...

कार्यक्रमका सभापति तथा जिरी नगरपालिकाका प्रमुख मित्रबहादुर जिरेलले जिरी आर्थिक रुपमा अपेक्षित रुपमा चलायमान हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै गत वर्ष भ्रमण वर्ष घोषणा गरिएको बताउनुभयो । जिरी सगरमाथाको प्रवेशद्वार तथा 'नेपालको स्वीजरल्यान्ड' का रुपमा चिनिँदै आएको उल्लेख गर्दै उहाँले नगरपालिकाले जिरीलाई चलायमान बनाउन विभिन्न योजना बनाएरकार्यान्वयन गरेको जानकारी दिनुभयो । नगरप्रमुख जिरेलका अनुसार जिरीलाई चिनाउने उद्देश्यले गत वर्ष सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरुले स्थानीय व्यवसायीबाट सकारात्मक प्रतिक्रिया पाएका छन् । व्यवसायीसँग छलफल गरेर योजनाबद्ध ढङ्गले काम गर्ने नगरपालिकाको नीति रहेको उहाँको भनाइ छ । समापन समारोहमा नेकपा एमाले दोलखाका अध्यक्ष नरबहादुर श्रेष्ठ, तारा बहादुर कोइराला, भिमेश्वर नगरपालिकाकी उपप्रमुख कमला बस्नेत तथा जिरी नगरपालिकाकी प्रमुख प्रशासकीय अधिकृत राजकुमारी खत्री लगायतले आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो । उक्त भ्रमण वर्षको उद्घाटन तत्कालीन नेपाल सरकारका सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङले गर्नुभएको थियो ।

मोतिया .....

भएका बिरामीलाई नगरपालिकाको खर्चमा सदरमुकाममा ल्याएर शल्यक्रिया गरिने कार्य सुरू गरिएको नगरपालिकाले जानकारी दिएको छ । शल्यक्रिया सुरू भएको दिनमै ४२ जनाको शल्यक्रिया सम्पन्न भएको छ । नगर स्वास्थ्य शाखाले आगामी दिनमा करिब एक सय जनाको शल्यक्रिया गरिने जनाएको छ ।

खिम्ती ...

जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक श्रीराम तिमल्सीनाका अनुसार घाइते तीनै जनालाई उपचारका लागि जिरी अस्पताल पठाइएको छ। घटनापछि कुटपिटमा संलग्न भएको आरोपमा रामेछाप गोकुलगंगा-६ का कमानसिंह तामाङ, बाँके राजपुर-१ का राम गुरूङ र नवलपरासी बर्दाघाट-१० का नविन उपाध्यायलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनाएको छ ।

ट्रक.....

घाइते हुनु भएको छ । घाइते चालक रामेछाप, उमाकुण्ड-५ बस्ने ३५ वर्षीय बलराम बस्नेत रहनु भएको छ । घाइतेको बस्नेतको ढाडमा भित्री चोट लागेकोले उहाँलाई सोमबार नै छोर-रोल्पा अस्पताल, चरिकोटमा ल्याई उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय दोलखाले जानकारी दिएको छ ।

चरिकोटबाट मन्थलीतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-०२ ख २९५६ नम्बरको ट्रक दुर्घटनामा परेको प्रहरीको भनाई रहेको छ ।

सिंगटी....

५ प्रतिशत बोनस शेयर लाभांश वितरण गर्ने भएको छ । गत आर्थिक वर्षको मुनाफाबाट कम्पनीले शेयरधनीलाई उक्त बोनस शेयर वितरण गर्न लागेको हो । सोमबार काठमाडौंमा बसेको कम्पनीको साधारण सभाले शेयरधनीलाई ५ प्रतिशत बोनस शेयर वितरण गर्ने तथा त्यसपश्चात सतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने निर्णय गरेको कम्पनीका सञ्चालक श्याम खतिवडाले जानकारी दिनुभयो ।

साधारण सभाले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको वित्तीय विवरण समेत स्वीकृत गरेको छ । कम्पनीको साधारण सभा काठमाडौंको धुम्बाराहीस्थित धुम्रबराहा भेन्युमा सम्पन्न भएको थियो ।

दीक्षण दैनिकका लागि प्रकाशक/सम्पादक : **श्रृजन कुमार घिमिरे** मुद्रणः **दीक्षण मिडिया प्रा.लि.** **E-mail:** dexaindaily@gmail.com /dikshin777@gmail .comफोन : ०४९-४२१४०१